# रेडप्लस कार्यक्रम तथा वन क्षेत्रको उत्सर्जन न्यूनीकरण परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी मार्गदर्शन, २०८१

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

रेड कार्यान्वयन केन्द्र

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मन्त्रीस्तर)को मिति २०८१/०९/०९ को निर्णयानुसार स्वीकृत

# रेडप्लस कार्यक्रम तथा वन क्षेत्रको उत्सर्जन न्यूनीकरण परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी मार्गदर्शन, २०८१


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र

**प्रस्तावना**

वन क्षेत्रमा रेडप्लस लगायतका जलवायु परिवर्तन न्यूनीकरण सम्बन्धी कार्यहरू सञ्चालन गर्दा प्रभावित आदिवासी जनजाति र स्थानीय समुदाय एवं सरोकारवालाहरूको सहभागिता र मानव अधिकारको सम्मान गर्नुपर्ने भनी पेरिस सम्झौता (जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिको पक्ष राष्ट्रको २१ औं सम्मेलन सन् २०१५ बाट पारित) को प्रस्तावना र रेडप्लस सम्बन्धी क्यानकून सम्झौता (जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिको पक्ष राष्ट्रको १६ औं सम्मेलन सन् २०१० बाट पारित) मा उल्लेखित अवधारणालाई ध्यानमा राख्दै र रेडप्लस कार्यक्रम सञ्चालन गर्ने सरकारी निकाय, विभिन्न संघ संस्था र निजी क्षेत्रले वन क्षेत्रको कार्बन विक्री गर्नु अघि प्रभावित समुदायलाई जानकारी गराई उनीहरूको स्वतन्त्र, पूर्वसूचित सहमति लिइनेछ भनी वातावरण संरक्षण नियमावली, २०७७ को नियम २८ र वन नियमावली, २०७९ को नियम १०७ मा गरिएको व्यवस्थालाई मध्यनजर गर्दै उक्त स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी प्रक्रिया तय गर्न वान्छनीय भएकोले वन तथा वातावरण मन्त्रालयले यो मार्गदर्शनको तर्जुमा गरी लागु गरेको छ ।

# परिच्छेद - एक
# प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस मार्गदर्शनको नाम "रेडप्लस कार्यक्रम तथा वन क्षेत्रको उत्सर्जन न्यूनीकरण परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी मार्गदर्शन, २०८१" रहेको छ ।

२) यो मार्गदर्शन रेडप्लस कार्यक्रम तथा उत्सर्जन न्यूनीकरण परियोजना सञ्चालन हुने क्षेत्रमा तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा

क) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूची-१ मा सूचीकृत भएका आदिवासी जनजातिलाई जनाउँदछ ।

ख) "दलित" भन्नाले राष्ट्रिय दलित आयोग ऐन, २०७४ को अनुसूची-१ मा सूचिकृत भएका दलित समुदायलाई जनाउँदछ ।

ग) "परम्परागत/प्रथाजनित अधिकार" भन्नाले आदिवासी जनजाति र स्थानीय समुदायको प्राकृतिक स्रोतमा आधारित परम्परागत मूल्य मान्यता र रीतिरिवाज अनुसार लामो समयदेखि रहेको सामुदायिक स्रोतको सदुपयोग गर्ने प्रणालीलाई जनाउँदछ र यस अन्तर्गत मौसम अनुसार घुम्ती वा चक्रीय रुपमा वन तथा स्रोतको सदुपयोग गर्ने पद्धति समेत पर्नेछ ।

घ) "परम्परागत ज्ञान" भन्नाले आनुवंशिक स्रोतहरू, बीउबीजन, औषधिहरू, जीवजन्तु र वनस्पतिका गुणहरू सम्बन्धी ज्ञान, मौखिक परम्परा, साहित्य, डिजाइन, परम्परागत खेलहरू र दृश्य एवं प्रदर्शनी कला सहितका विषयमा रहेको आदिवासी जनजाति र स्थानीय समुदायको विज्ञान, प्रविधि र

संस्कृतिहरूको अभिव्यक्तिलाई जनाउँदछ ।

ङ) "परियोजना" भन्नाले वन क्षेत्रमा लागु गरिने कार्बन उत्सर्जन न्यूनीकरणसँग सम्बन्धित परियोजनालाई जनाउँदछ ।

च) "रेडप्लस" भन्नाले वन क्षेत्रमा हुने देहायका कार्यहरूलाई जनाउँदछः

१) वन विनासका कारण हुने उत्सर्जन कटौती

२) वन क्षयीकरणका कारण हुने उत्सर्जन कटौती

३) वनको दिगो व्यवस्थापन

४) वन कार्बनको मौज्दात संरक्षण

५) वन कार्बन सञ्चिति अभिवृद्धि

छ) "सरोकारवाला" भन्नाले रेडप्लस कार्यक्रममा सरोकार राख्ने समुदायलाई जनाउँदछ ।

ज) "स्थानीय समुदाय" भन्नाले वन स्रोत लगायतका प्राकृतिक स्रोतको सामुहिक व्यवस्थापन र सदुपयोग गर्ने वन उपभोक्ता समूह लगायतका सामुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापक समूहलाई जनाउँदछ ।

# परिच्छेद – दुई
# स्वतन्त्र, पूर्वसूचित सहमतिको आधार

**३. स्वतन्त्र, पूर्वसूचित सहमतिको आधारः**

१) यस मार्गदर्शनको प्रयोजनका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको आधारका रुपमा निम्न अवधारणा रहनेछन्:

क) आदिवासी जनजाति र स्थानीय समुदायले अन्तर्राष्ट्रिय सन्धी महासन्धि र प्रचलित राष्ट्रिय कानून बमोजिम सामूहिक रुपमा संरक्षण, व्यवस्थापन र सदुपयोग गर्दै आएका वन स्रोत लगायतका प्राकृतिक स्रोतहरूमाथि उनीहरूको सामूहिक अधिकार हुनेछ ।

ख) रेडप्लस लगायतका वनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम वा परियोजना सञ्चालन गरी कार्बन बिक्री गर्नुपूर्व प्रचलित कानून वा परम्परागत मूल्य मान्यता बमोजिम वन स्रोतको सामूहिक व्यवस्थापन र भोगचलन गर्दै आएका समुदायको स्वतन्त्र, पूर्वसूचित सहमति लिइनेछ ।

ग) आदिवासी जनजाति र स्थानीय समुदायका प्रथाजनित संस्था वा वन उपभोक्ता समूह वा अन्य प्रभावित समुदायले प्रत्यक्ष रुपमा आँफै वा आफ्ना प्रतिनिधिमूलक संस्थामार्फत पनि स्वतन्त्र, पूर्वसूचित सहमति दिन सक्नेछन् ।

**४. स्वतन्त्र, पूर्वसूचित सहमतिका पक्षहरूः** यस मार्गदर्शनमा स्वतन्त्र, पूर्वसूचित सहमतिका निम्न पक्षहरू रहनेछन्:

१) स्वतन्त्रः सहमति लिन खोजिएका समुदायले आफ्नो समुदायको परिवेश अनुसार बाह्य प्रभाव विना, स्वेच्छाले र कुनै भार नपर्ने गरी निम्न बमोजिम स्वतन्त्र रुपमा सहमति दिनेछन्:

क) सम्बन्धित समुदायलाई रेडप्लस तथा उत्सर्जन न्यूनीकरण

परियोजनाका जानकारीहरू पारदर्शी र वस्तुनिष्ठ रूपमा उपलब्ध गराइएको वा प्रवाह गरिएको हुनेछ ।

ख) सहमति लिनका लागि आयोजना गरिने परामर्श बैठकको स्थान, समय, भाषा र निर्णय गरिने व्यहोराको ढाँचा आदि विषयहरू सम्बन्धित समुदायका प्रतिनिधिहरूको समन्वयमा तय भएको हुनेछ ।

ग) लैङ्गिक र समाजिक समावेशीकरणका आधारमा समुदायका सम्बन्धित प्रतिनिधिहरूलाई सहमति प्रदान गर्ने प्रक्रियामा भेदभाव विना अभिव्यक्ति स्वतन्त्रता दिइएको हुनेछ ।

२) पूर्व/अग्रीमः समुदायसँग सहमति लिने क्रममा रेडप्लस तथा उत्सर्जन न्यूनीकरण कार्यक्रम वा परियोजना कार्यान्वयनको प्रारम्भिक चरणमा नै निम्न अनुसार अग्रीम जानकारी दिइनेछः

क) प्रस्तावित कार्यक्रम तथा परियोजनाका बारेमा समुदायमा उपलब्ध गराइएका जानकारी बारे राम्रोसँग बुझ्न र निर्णयमा पुग्नको लागि सम्बन्धित समुदायलाई उचित समय दिएको हुनेछ ।

ख) समुदायलाई रेडप्लस कार्यक्रम तथा परियोजनाको अवधारणा, क्रियाकलापहरू र सोको कार्यान्वयनको ढाँचा एवं अनुगमन र मूल्याङ्कन सहित कार्यान्वयनको प्रक्रिया वा चरणका बारेमा त्यस्ता गतिविधिहरू प्रारम्भ गर्नु अघि जानकारी उपलब्ध गराइएको हुनेछ ।

३) **सूचितः** रेडप्लस तथा उत्सर्जन न्यूनीकरण परियोजनाका क्रियाकलापहरूको सकारात्मक र प्रतिकूल सम्भाव्यता र सहमति दिएमा वा रोकेमा हुन सक्ने नतिजालाई उद्देश्यमूलक रुपमा समेट्दै निम्न अनुसार समुदायलाई सूचित गरिएको हुनेछः

क) परियोजना तथा कार्यक्रमका जानकारीहरूको पूर्ण विवरण स्पष्ट, लगातार, सटीक, स्थिर र पारदर्शी रुपमा बुझ्ने गरी उपयुक्त भाषा

र सांस्कृतिक रूपमा उपयुक्त ढाँचाहरू (जस्तैः रेडियो, भिडियो, ग्राफिक्स, डकुमेन्ट्रीहरू, फोटोहरू, मौखिक प्रस्तुतीकरणहरू आदि) मा र सम्बन्धित समुदायमा पुगेर प्रवाह गरिएको हुनेछ ।

ख) जानकारी प्रवाह गर्दा सांस्कृतिक रूपमा उपयुक्त व्यक्तिहरूद्वारा, सामाजिक-सांस्कृतिक रूपमा उपयुक्त स्थानहरूमा र सम्भव भएसम्म समुदायका प्रशिक्षकहरूको क्षमता विकास हुनेगरी र स्थानीय संस्कृति प्रवर्द्धन हुने कुरामा ध्यान दिइएको हुनेछ ।

४) **सहमतिः** समुदायको परम्परागत निर्णय प्रक्रियालाई समेत मध्यनजर गर्दै सहमति दिने समुदायले निम्न अनुसार सामूहिक निर्णय गरी सहमति प्रदान गरेको हुनेछः

क) सहमति प्रदान गर्दा समुदायका प्रतिनिधिहरूले आफ्नै चलन र परम्परा अनुसार परामर्शमा सहभागी भई उद्देश्य र सकारात्मक तथा नकारात्मक प्रभाव बुझेर आमसहमति वा बहुमतबाट सामूहिक निर्णय गरी सहमति प्रदान गरेका हुनेछन् ।

ख) यदि परियोजनाका प्रस्तावित क्रियाकलापहरू परिवर्तन भएमा वा नयाँ अवस्था सृजना भएमा उक्त सहमति पुनर्विचार गर्ने वा पूनः सहमति प्रदान गर्ने विकल्प सहित सहमति दिइएको हुनेछ ।

ग) समुदायले सहमति नदिन पनि सक्छन् र वार्ताका लागि थप समय वा शर्तको माग गर्न सक्छन् भन्ने कुरालाई समुदायको सहमति लिनका लागि परामर्शको सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले स्वीकार गरिएको हुनेछ र यस्तो अवस्थामा समुदायको सहमति लिनका लागि जबरजस्ती गरिने छैन ।

५. **स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थाप्रतिको प्रतिबद्धताः** स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी प्रक्रियाको सहजीकरण गर्दा रेडप्लस कार्यक्रम सञ्चालन गर्ने निकाय र संघ संस्था वा परियोजनाहरूले नेपालले हस्ताक्षर वा अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को

महासन्धि संख्या १६९ (आदिवासी जनजाति सम्बन्धी महासन्धि १९८९), आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७, जैविक विविधता महासन्धि १९९२, जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि १९९२, पेरिस सम्झौता २०१५ र रेडप्लस सम्बन्धी क्यानकुन सम्झौता (२०१०) मा यस विषयमा उल्लेखित व्यवस्थाहरू तर्फ ध्यान दिनु पर्नेछ ।

६. **स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी राष्ट्रिय नीति तथा कानूनको परिपालनाः**

१) स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी प्रक्रियाको सहजीकरण गर्दा रेडप्लस कार्यक्रम सञ्चालन गर्ने निकाय र संघ संस्था वा परियोजनाहरूले नेपालको संविधान; वातावरण संरक्षण नियमावली, २०७७; वन नियमावली, २०७९; वन नीति २०७५; नेपाल राष्ट्रिय रेडप्लस रणनीति २०७५-२०७९; रेडप्लसको वातावरणीय र सामाजिक सुरक्षा मापदण्ड; रेडप्लसमा वातावरणीय र सामाजिक सुरक्षा सूचना प्रणाली; र जलवायु परिवर्तन सम्बन्धी नेपालको राष्ट्रिय रुपमा निर्धारित योगदान (एनडीसी) मा यस विषयमा प्रत्यक्ष वा अप्रत्यक्ष गरिएका व्यवस्थाहरू तर्फ ध्यान दिनु पर्नेछ ।

७. **रेडप्लस कार्यक्रममा स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी असल अभ्यासहरूको अवलम्बनः** रेडप्लस कार्यक्रम तथा परियोजनाको लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रयोगलाई सुसूचित गर्न विश्वव्यापी रूपमा विभिन्न मापदण्ड, मार्गदर्शन र उत्कृष्ट अभ्यास स्थापित गरिएको छ र यस विषयमा सहजीकरण गर्दा रेडप्लस कार्यक्रम सञ्चालन गर्ने निकाय र संघ संस्था वा परियोजनाहरूले त्यस्ता असल अभ्यासहरूको अनुसरण गर्न सक्नेछन् ।

## परिच्छेद – तीन

## रेडप्लस कार्यक्रममा स्वतन्त्र, पूर्वसूचित सहमतिका चरण र क्रियाकलापहरू

**८. रेडप्लस कार्यक्रममा स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि निर्धारित चरण र क्रियाकलापहरू:**

१) स्वतन्त्र, पूर्वसूचित सहमतिका सन्दर्भमा नेपालका विद्यमान नीति तथा कानूनमा भएका व्यवस्था र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेजमा उल्लिखित प्रतिबद्धताहरूका समेतका आधारमा रेडप्लस कार्यक्रममा स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि तल उल्लेखित चरण र क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

२) यी चरण र प्रक्रियाहरूले स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियालाई पूर्णरुपमा प्रतिनिधित्व गर्नेछन् र विभिन्न रेडप्लस परियोजनाहरू वा कार्यक्रमहरूले यी चरणहरूलाई तिनीहरूको आफ्नो सन्दर्भ र परियोजना विकासको चरणहरूमा आवश्यकता अनुसार अवलम्बन गर्न सक्नेछन् ।

### चरण १: स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि तयारी चरण

**१.१ नीतिगत र कानूनी व्यवस्थाको प्रारम्भिक पहिचान र समीक्षा:**

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

(क) रेडप्लस कार्यक्रम तथा परियोजनाले रेडप्लस सम्बन्धी कुन नीति तथा कानूनका लागि र कुन क्षेत्रमा स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रिया अवलम्बन गर्न आवश्यक छ भन्ने कुरा पहिचान गर्ने ।

(ख) उक्त लक्षित क्षेत्र वा समुदायमा कुनै पनि विषयमा स्वतन्त्र, पूर्वसूचित

सहमति वा यस्तै प्रकृतिको प्रक्रियाहरू अवलम्बन गरिएको छ वा छैन वा पहिले नै यस्तो खालको सहमति दिएको अवस्था हुन सक्ने भएकोले सो व्यवस्था छ वा छैन भनी निर्धारण गर्ने ।

(ग) स्वतन्त्र, पूर्वसूचित सहमतिको आवश्यकता पर्ने परिस्थितिहरूका बारेमा नीतिगत र कानूनी व्यवस्थाहरूको अध्ययन तथा समीक्षा गरी उक्त सामग्रीहरूको सहयोग लिने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुनसक्नेछः

- रेडप्लस सम्बन्धी नीति तथा कानूनहरूको सूची; स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रिया आवश्यक पर्ने क्षेत्र र समुदायको सूची ।

## १.२ वन क्षेत्रका समुदाय एवं सरोकारवाला र उनीहरूको ज्ञान र भूमिकाको पहिचानः

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

क) नेपालले राष्ट्रियस्तरमा विभिन्न दस्तावेजहरूमा रेडप्लसको लागि सरोकारवालाहरूको पहिचान गरेको हुनाले त्यसतर्फ ध्यान दिंदै स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि जिल्ला वा स्थानीय स्तरमा परामर्श बैठकहरू शुरु गर्नुअघि सम्बन्धित आदिवासी जनजाति र स्थानीय समुदायको प्रारम्भिक पहिचान र समीक्षा गर्ने ।

ख) यसरी पहिचान र समीक्षा एवं विश्लेषण गर्दा सम्बन्धित दस्तावेजहरूको समीक्षा, तथ्याङ्क सङ्कलन र नक्शाङ्कन र स्थानिक (spatial) विश्लेषण जस्ता कार्य गर्न सकिनेछ र यसमा निम्न कुराहरू पनि समावेश हुन सक्नेछन्:

१) समुदाय र सम्बन्धित सरोकारवालाहरूको पहिचान, विशेष गरी

वन र अन्य प्राकृतिक स्रोतहरूसँग सम्बन्धित राष्ट्रिय कानूनमा उल्लिखित अधिकार र प्रथाजनित मूल्य मान्यता ।

२) रेडप्लस कार्यक्रम तथा परियोजनाबाट प्रभावित अन्य व्यक्ति वा सरोकारवालाको पहिचान ।

३) वन तथा प्राकृतिक क्षेत्रहरू, अन्य प्राकृतिक पारिस्थितिक प्रणालीहरू, सांस्कृतिक तथा आध्यात्मिक स्थलहरू इत्यादि सहित सम्बन्धित आदिवासी जनजाति र स्थानीय समुदायका लागि प्रयोगमा रहेका वन तथा क्षेत्रहरू ।

४) रेडप्लस कार्यक्रम तथा परियोजनाबाट प्रभावित हुन सक्ने परम्परागत ज्ञान तथा अभ्यासहरू र आनुवंशिक स्रोतहरू ।

ग) समुदायसँग भएको वन सम्बन्धी परम्परागत ज्ञान हस्तान्तरण गर्न अस्वीकार गर्ने अधिकार भएकोले उनीहरूको सहमति बिना परम्परागत ज्ञान अभिलेखित गरी कुनै पनि तेस्रो पक्षलाई त्यस्तो ज्ञान आदान प्रदान वा हस्तान्तरण गरिने छैन भन्ने कुराको सुनिश्चितता गर्ने ।

घ) वन स्रोत र क्षेत्रको प्रयोगको पहिचानले प्रस्तावित परियोजना क्षेत्रमा कसले कुन अधिकार राख्दछ भन्ने स्पष्टता प्रदान गर्ने भएकोले परामर्श बैठकमा सहभागी हुने अधिकार कसलाई छ र कुन समुदायका प्रतिनिधिहरूले सहमति दिन सक्छन् भनी स्पष्ट हुने ।

ङ) रेडप्लस कार्यक्रम तथा परियोजनाले वन स्रोतको भोगाधिकार सम्बन्धी सबै अधिकारहरूको नक्शाङ्कन गरी राम्रोसँग डिजिटल नक्शाहरू उत्पादन गर्न सक्ने ।

च) समुदाय र उनीहरूको वनमाथिको अधिकार, सम्बन्धित सरोकारवालाहरू र वन सम्बन्धी परम्परागत ज्ञानको नक्साङ्कन गर्दा सहभागितामूलक प्रक्रिया अवलम्बन गर्ने ।

छ) समुदायलाई उनीहरूको सांस्कृतिक र आध्यात्मिक क्षेत्रहरू सहित

वैधानिक र परम्परागत अधिकारहरू भएका क्षेत्रहरू पहिचानका लागि मदत मागेमा मद्दत गर्ने ।

ज) समुदायसँग सम्बन्धित अधिकारवालाहरू पहिचान गर्न र छनौट गर्न स्वेच्छिक मनोनयन सहित सरोकारवाला प्रतिनिधिहरूको चयनको लागि पारदर्शी प्रक्रिया अपनाउन अभिप्रेरित गर्ने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धी तथा नतिजाहरू हासिल हुन सक्नेछ:

- सबै मुख्य समूहहरू (जस्तैः आदिवासी जनजाति, स्थानीय समुदाय, दलित, महिला आदि) र वनमा आश्रित विपन्न एवं भूमिहिन तथा सीमान्तकृत समूहहरूलाई पनि समावेश गरिएको सुनिश्चित गर्दै स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा संलग्न हुन आवश्यक पर्ने अधिकारवाला र सरोकारवालाहरूको सूची ।
- आदिवासी जनजाति र स्थानीय समुदायहरू स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा संलग्न हुनका लागि वनको औपचारिक र अनौपचारिक भोगाधिकार तथा प्रयोगको अधिकार सहित वन उपयोगको नक्शा र सम्भव भएसम्म डिजिटल रुपमा Geographical Information System (GIS) वा सहभागितामूलक प्रक्रियाहरू मार्फत तयार गरिएका नक्शा ।
- सम्बन्धित आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान र अभ्यासहरूको सूची र विवरण ।

### १.३ निर्णय प्रक्रियामा संलग्न हुने उपर्युक्त संस्था र प्रतिनिधिहरूको पहिचानः

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

क) समुदायहरूको आफ्नै निर्णय लिने वा प्रतिनिधि छनौट गर्ने प्रक्रिया र

प्राथमिकताहरू हुन सक्छन् भन्ने कुरालाई ध्यानमा राख्दै उनीहरूसँग परामर्श गरी आदिवासी जनजाति र स्थानीय समुदायहरूको निर्णय गर्ने सामुदायिक तथा प्रतिनिधिमूलक संरचनाहरू पहिचान गर्ने ।

ख) समुदायको पहिचान प्रक्रिया र स्वतन्त्र, पूर्वसूचित सहमतिको विषयमा परामर्श गर्दा समुदायको स्वायत्तता र प्रथाजनित प्रचलनको सम्मान गर्ने ।

ग) समुदायले सहमति प्रदान गर्नका लागि आफ्नै प्रतिनिधि पहिचान गरी आफैं वा आफ्ना प्रतिनिधिमूलक संस्था मार्फत निर्णय गर्ने अधिकार रहेको छ भन्ने बारेमा जानकारी गराउने ।

घ) सहमति प्रदान गर्ने प्रतिनिधि चयन प्रक्रिया पारदर्शी, निष्पक्ष, समावेशी, सुरक्षित र सबै सम्बन्धित सरोकारवालाहरूका लागि पहुँचयोग्य हुनुपर्ने र प्रतिनिधि छनौटमा महिला, गरिब र सिमान्तकृतहरूको सहभागितामा विशेष ध्यान दिनुपर्ने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछ:

- स्वतन्त्र, पूर्वसूचित सहमतिको योजना अनुसारको परामर्शमा निर्णय गर्ने समुदायका प्रतिनिधिहरूको एकीकृत विवरण सहितको जानकारी ।

**१.४ समुदायका लागि सहयोगी निकाय वा संस्था र प्रणालीहरूबारे जानकारी प्रवाहः**

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

क) रेडप्लस कार्यक्रम तथा परियोजनाले आदिवासी जनजाति र स्थानीय समुदायका अधिकारहरूका साथै स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहयोग गर्न सक्ने र उनीहरूका लागि उपलब्ध हुन सक्ने

सान्दर्भिक सहयोगी संरचना वा प्रणाली र कानुनी सल्लाहहरूको बारेमा निम्न विषयका जानकारीहरूको विवरण तयार गर्नेः

१) परामर्श, निर्णय प्रक्रिया र तेस्रो पक्ष आदिसँगको परामर्शमा सहभागी हुने अधिकारहरू ।

२) कानूनी सल्लाह वा सहायताका लागि पहुँच प्राप्त गर्न सकिने स्थानहरू ।

३) गुनासो दर्ता र समाधान गर्न सकिने स्थान (अर्थात् गुनासो सुनुवाई संयन्त्र) ।

ख) राष्ट्रिय रेडप्लस रणनीति अनुसार वन स्रोत र कार्बनमा सामुदायिक अधिकारको मान्यता सुरक्षित गर्ने सम्बन्धमा गरिएका व्यवस्था अवगत गराउने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछः स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाका लागि तयार गरिएको जानकारीहरूको एकीकृत सूचना सामग्री ।

**१.५ स्वतन्त्र, पूर्वसूचित सहमतिको लागि परामर्श योजना तर्जुमाः**

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्ः

क) रेडप्लस कार्यक्रम तथा उत्सर्जन न्यूनीकरण परियोजना लागु हुने क्षेत्र व्यापक भूदृष्यमा फैलिएको हुने हुनाले स्वतन्त्र, पूर्वसूचित सहमतिको समग्र प्रक्रियाका लागि लाग्ने सयम तालिका बनाउने ।

ख) रेडप्लस कार्यक्रम तथा परियोजना सञ्चालन गर्ने निकाय वा संस्थाको जिम्मेवारीमा रहने गरी स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाको लागि आवश्यक पर्ने बजेट तय र सुनिश्चित गर्ने ।

ग) रेडप्लस कार्यक्रम तथा परियोजनाले स्वतन्त्र, पूर्वसूचित सहमतिको

प्रक्रियाका लागि सहयोग पुग्ने गरी स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा को र कसरी संलग्न हुनेछन् र यस प्रक्रियाको लागि के कस्ता चरणहरू, समय र स्रोतहरू उपलब्ध छन् भन्ने जस्ता सबै मुख्य विषयहरू समावेश गरी स्वतन्त्र, पूर्वसूचित सहमतिको योजना तयार गर्ने ।

घ) समयमै र सांस्कृतिक रूपमा उपर्युक्त तरिकाबाट जानकारी आदान प्रदान गर्ने योजना, जस्तैः प्रयोग गरिने भाषाहरू, सहमतिको ढाँचाहरू र सूचना आदान प्रदान र वितरणको लागि प्रयोग हुने सञ्चार माध्यम जस्ता विषयहरू समावेश गरी यस प्रक्रियालाई सहयोग हुने गरी सूचना प्याकेजको विकास गर्ने ।

ङ) यो प्रक्रियामा सूचनाको समयसापेक्ष र पारदर्शी रुपमा आदान-प्रदान, लैङ्गिक समानता र सामाजिक समावेशीकरण र सांस्कृतिक रूपमा उपयुक्त भाषा र निर्णयका उपयूक्त ढाँचाहरूको प्रयोग जस्ता कुराहरूमा ध्यान दिने ।

च) स्वतन्त्र, पूर्वसूचित सहमतिको परामर्शलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि यस सम्बन्धी परामर्श योजनामा थप निम्न कुराहरू समावेश गर्नेः

१) लैङ्गिक समानता र सामाजिक समावेशीकरण हुने गरी परामर्शमा सहभागी भई सहमति दिने समुदायका प्रतिनिधिहरूको विवरण ।

२) रेडप्लस कार्यक्रम तथा उत्सर्जन न्यूनीकरण परियोजना क्षेत्रको पूर्णविवरण र सो क्षेत्रमा पर्ने आदिवासी जनजाति र स्थानीय समुदाय सहित अन्य प्रभावित समुदायका विवरणहरू ।

३) स्वतन्त्र, पूर्वसूचित सहमतिको परामर्श कार्यक्रमको प्रक्रिया सहितको रुपरेखा, परामर्श सहजीकरण गर्ने सहजकर्ताको समावेशी टोलीको विवरण र सहमतिको निर्णय लेखनको जिम्मेवारी लिने व्यक्ति ।

४) सहमति सम्बन्धी परामर्शका लागि स-साना समूह छलफल, विशेष क्षेत्रहरूको भ्रमण, अन्तवार्ता जस्ता विषयहरू समावेश गरी यस प्रक्रियामा सामाजिक समावेशीकरण हुने गरी राय प्रतिक्रिया प्रदान गर्ने अवसर सुनिश्चितताका लागि अवलम्बन गरिने उपायहरू ।

५) सहमतिको प्रक्रियामा सहभागी हुने समुदाय र सामुदायिक सहजकर्ताहरूको क्षमता विकासका अवसरहरूको विवरण ।

छ) यस चरणमा स्वतन्त्र, पूर्वसूचित सहमतिको योजनालाई मस्यौदा योजनाका रुपमा नै लिई परामर्शमा सहभागी भएका आदिवासी जनजाति र स्थानीय समुदायका साथै अन्य प्रमुख सरोकारवालाहरूसँग परामर्शको अनुभव आदान प्रदान गरी यसको प्रक्रिया र कागजातहरूमा आवश्यकता अनुसार परिमार्जन गर्दै जाने ।

ज) स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाको स्वतन्त्र मूल्याङ्कन गर्नका लागि कुनै पनि स्वतन्त्र तेस्रो पक्षको संलग्नता प्रस्ताव गरिएको भए सो कुरा योजनामा उल्लेख गर्ने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछः

- रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाका बारेमा तयार गरिएको योजना ।

**१.६ जानकारी प्रवाह गर्ने सामग्री तयारी :**

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्ः

क) स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रिया र यस प्रक्रियामा संलग्न हुने

समुदायका प्रतिनिधिहरूसँग समयमै, पारदर्शी र सांस्कृतिक रूपमा उपयुक्त हुनेगरी जानकारी प्रवाह गर्नका लागि सहयोग पुग्ने गरी स्वतन्त्र, पूर्वसूचित सहमति प्रक्रियाको योजनामा उल्लेख गरिए अनुसारका स्रोत सामग्रीहरू तयार गर्ने ।

ख) यी स्रोत सामग्रीहरूमा देहायका जानकारीहरू समावेश हुनुपर्नेः

१) नेपालमा रेडप्लसको वर्तमान अवस्थाका बारेमा सहमतिको प्रक्रिया तथा परामर्शमा सहभागी हुने समुदायमा प्रवाह गर्ने नेपाली भाषामा तयार गरिएका देहायका जानकारीमूलक सामग्रीहरूः

- राष्ट्रिय रेडप्लस रणनीति र अन्य नीति तथा कानूनहरूमा रेडप्लसका विषयमा भएका व्यवस्थाहरू,
- नेपालमा रेडप्लसको कार्यान्वयनको स्थिति,
- रेडप्लसमा संलग्न प्रमुख निकाय तथा सरोकारवालाहरू,
- रेडप्लस कार्यक्रमका सम्भावित लाभ र जोखिमहरू,
- रेडप्लसमा अधिकार सुरक्षा मापदण्ड र अधिकार सुरक्षा सूचना प्रणाली,
- रेडप्लसमा लाभको बाँडफाँट सम्बन्धी कानूनी व्यवस्था ।

२) सहमति लिनका लागि आयोजना गरिने परामर्शका सामुदायिक प्रतिनिधिहरू समक्ष प्रस्तुत गरिने उत्सर्जन न्यूनीकरण परियोजनाका मुख्य विषयहरूः

- परियोजनाको क्षेत्र र मुख्य क्रियाकलापहरू,
- परियोजना क्षेत्रमा समुदायका अधिकारहरू,
- परियोजनाका सम्भावित सामाजिक र वातावरणीय लाभहरू,
- प्रभावित वा लाभान्वित हुने समुदायहरू, समुदायको भूमिका र सहयोगी संस्थाहरू,
- परियोजना अवधिमा वन स्रोतको पहुँच वा प्रयोगमा कुनै प्रतिबन्धको सम्भावना हुने वा नहुने विषय,

- समुदायको वन सम्बन्धी परम्परागत ज्ञान र अभ्यासमा पर्ने असरहरू,
- सम्भावित सामाजिक, वातावरणीय र सांस्कृतिक प्रभावहरू,
- अधिकार सुरक्षाका उपाय वा मापदण्डहरू,
- लाभको बाँडफाँट सम्बन्धी प्रस्तावित योजना,

३) गुनासो सुनुवाई संयन्त्र र यसमा कसरी पहुँच प्राप्त गर्ने भन्ने लगायतका विषयहरू ।

४) परियोजनाका लागि समुदायको स्वतन्त्र, पूर्वसूचित सहमति लिने सम्बन्धमा नेपालको प्रचलित कानूनमा गरिएका व्यवस्थाहरू र यसको समग्र प्रक्रिया ।

५) आदिवासी जनजाति र स्थानीय समुदाय एवं सहजकर्ताहरूको क्षमता विकासका लागि प्रस्तावित कार्यक्रमहरू ।

ग) उत्सर्जन न्यूनीकरण परियोजनाको दस्तावेज र योसँग सम्बन्धित अन्य दस्तावेजको कार्यकारी सारांश र अन्य महत्वपूर्ण खण्डहरू नेपाली भाषामा अनुवाद गरी सहमतिको परामर्शमा सहभागी रहेका समुदायका प्रतिनिधिहरूलाई उपलब्ध गराइएको हुनुपर्ने ।

घ) यी सबै सामग्रीहरू समुदायले बुझ्न सक्ने उपयुक्त ढाँचा र भाषाहरूमा तयार हुनुपर्ने र यी सामग्रीहरू परामर्श शुरु हुनु अघि आदान प्रदान गरिनु पर्ने ।

ङ) यी सूचना सामग्रीहरू साक्षरताको न्यूनस्तर भएका र दुर्गम क्षेत्रका समुदायका सदस्यहरू सम्म पुग्ने कुरामा विशेष ध्यान दिनुपर्ने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछः

- सहमति सम्बन्धी परामर्शका क्रममा उपलब्ध गराउने स्रोत तथा सूचना सामग्रीको तयारी ।

## १.७ प्रारम्भिक रूपमा सूचना र जानकारी आदान प्रदानः

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

क) रेडप्लस कार्यक्रम तथा परियोजनाले स्रोत तथा सूचना सामग्रीहरूको उपयोग गरी परियोजना र स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी प्रस्तावित प्रक्रियाको बारेमा सहमति सम्बन्धी परामर्श शुरु गर्नु अघि समयमा नै (न्यूनतम १ हप्ता अघि) समुदायका प्रतिनिधिहरूलाई जानकारी प्रवाह गर्ने ।

ख) टाढाका समुदायका प्रतिनिधिहरूलाई समयमा नै परामर्श कार्यक्रममा आईपुग्नका लागि आवश्यक पर्ने सहयोग उपलब्ध गराउने ।

ग) समुदायका प्रतिनिधिहरूलाई जानकारी गराउन र उनीहरूलाई परामर्श बैठकहरूमा भाग लिन आमन्त्रित गर्ने प्रयोजनका लागि सम्पर्क फोन नम्बर, इमेल, सामाजिक सञ्जाल, रेडियो, आमसञ्चार, सूचना पुस्तिकाहरू, सूचना बोर्डहरू वा अन्य उपयूक्त माध्यमहरू उपयोग गर्ने ।

घ) समुदायका प्रतिनिधिहरूका लागि रेडप्लस कार्यक्रम र परियोजनाको बारेमा जानकारी प्रसारको लागि सम्भव भएसम्म राष्ट्रिय र स्थानीय भाषाको प्रयोग नै सबैभन्दा प्रभावकारी माध्यम हुन सक्ने भएकोले सोही कुरा लागु गरिनुपर्ने ।

ङ) समुदायका प्रतिनिधिहरू पनि उनीहरूले प्रतिनिधित्व गरिरहेका समुदायका मानिसहरूलाई जानकारी सङ्कलन र आदान प्रदान गर्नमा संलग्न हुन सक्ने भएकोले उनीहरूको सहयोग लिने ।

च) रेडप्लस कार्यक्रम तथा परियोजनाले समुदायका प्रतिनिधिहरूलाई आफ्ना सरोकारहरू उठान गर्नका लागि उपलब्ध विकल्पहरूका बारेमा पनि स्पष्ट गर्नुपर्ने ।

छ) रेडप्लस कार्यक्रम तथा परियोजनासँग सम्बन्धित गुनासो र विवादहरू समाधान गर्ने संयन्त्र उपलब्ध छ र यो संयन्त्र पारदर्शी, सुरक्षित, समयसापेक्ष र पहुँचयोग्य रूपमा सञ्चालन भएको छ भन्ने कुरा देखाउनुपर्ने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछ:

- रेडप्लस कार्यक्रम तथा परियोजना र प्रस्तावित स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाका बारेमा स्रोत सामग्रीहरू प्रारम्भिक रुपमा सञ्चार गरिएको ।

## चरण २ : सहमति लिनको लागि परामर्श चरण

### २.१ पूर्वसुसूचित र प्रारम्भिक परामर्श:

१) यस कार्य अन्तर्गत रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

क) आवश्यक सुधार गरी सामुदायिक तथा प्रथाजनित मूल्य मान्यताहरूको पालना गरिएको छ भन्ने कुराको सुनिश्चितता गर्ने ।

ख) प्रारम्भिक परामर्शमा समुदायका प्रतिनिधिहरूले व्यक्त गरेका प्रतिक्रिया, राय सुझाव तथा अभिमतहरूलाई लिपिबद्ध रुपमा अभिलेखित गरी प्रत्येक परामर्शका अलग अलग प्रतिवेदन तयार गर्ने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछ:

- रेडप्लस कार्यक्रम तथा परियोजनाका बारेमा समुदायका प्रतिनिधिहरूको क्षमता विकास भई प्रतिनिधिहरूले व्यक्त गरेका धारणा र सहभागीका प्रश्नहरूलाई कसरी सम्बोधन गरिएको थियो भन्ने विवरण सहितको प्रतिवेदन ।

- समुदायका प्रतिनिधिहरूको राय प्रतिक्रियाको आधारमा स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा कुनै परिमार्जन गरिएको भए यस सम्बन्धी विवरण ।

**२.२ सहमति सम्बन्धी परामर्शः**

१) यस कार्य अन्तर्गत रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

क) *रेडप्लस कार्यक्रम तथा परियोजनाबारे समुदायका प्रतिनिधि बिच आपसी छलफल:* समुदायको सहमति प्राप्तिका क्रममा पूर्वसुसूचित गर्ने उद्देश्यले प्रारम्भिक परामर्शका क्रममा उपलब्ध गराइएका जानकारी र उपलब्ध स्रोत सामग्रीका आधारमा प्रस्तावित परियोजनाले समुदायमा पर्न सक्ने सकारात्मक प्रभाव वा प्रतिकूल असरका विषयमा आफ्नो धारणा बनाउन र सहमति दिने वा नदिने भन्ने विषयमा निष्कर्षमा पुग्नका लागि समुदायका प्रतिनिधिहरूलाई स-साना समूहमा निश्चित समयसम्म छलफल गर्नका लागि अभिप्रेरित गर्ने ।

ख) *इच्छित समूहगत छलफल:* परियोजनाका बारेमा धारणा बनाई सहमति प्रदान गर्नका लागि परियोजना तयारीका विभिन्न चरणमा पहिचान गरिएका विशेष समूहहरूमध्ये खासगरी आदिवासी जनजाति, स्थानीय समुदाय, दलित समुदाय, महिला समूह जस्ता सामाजिक पहिचानमा आधारित समूह र कृषक समूह, निजी वन समूह, वन उद्यमी समूह, वनमा आश्रित विपन्न र सीमान्तकृत समूह जस्ता जीविकोपार्जन समूहलाई यस्ता समुदायको इच्छा, चाहना वा सरोकारका आधारमा समूहगत छलफल वा छुट्टाछुट्टै बैठकहरू आयोजना र छलफल गरी उनीहरूका विचारहरू ग्रहण गरिएको कुरा सुनिश्चित गर्ने ।

ग) *प्रतिनिधिमूलक स्वतन्त्र, पूर्वसूचित सहमतिको विकल्पबारे छलफल:* रेडप्लस कार्यक्रम तथा परियोजना ठूलो क्षेत्र तथा व्यापक भूदृष्यमा लागु गरिने र यसरी ठूलो क्षेत्रफलमा रहेका सबै समुदायको अलग अलग स्वतन्त्र,

पूर्वसूचित सहमति लिन सम्भव नहुने भएकोले समुदायका प्रतिनिधिहरूले सम्बन्धित सबै समुदायको तर्फबाट आ-आफ्ना प्रतिनिधिमूलक संस्थाले प्रतिनिधिमूलक स्वतन्त्र, पूर्वसूचित सहमति प्रदान गर्नका लागि अख्तियारी दिन सक्ने कुरा स्पष्ट गर्ने ।

घ) *सहमतिको ढाँचाबारे प्रारम्भिक छलफल:* रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि समुदायले स्वतन्त्र, पूर्वसूचित सहमति दिँदा वा नदिँदाका फाईदा तथा बेफाईदाका बारेमा समुदायका प्रतिनिधिहरूसँग छलफल गर्दै परियोजनाका लागि सहमति दिने वा नदिने भन्ने निष्कर्षमा पुग्ने गरी सहजीकरण गर्ने र सहमति दिने भन्ने निष्कर्षमा पुगे पश्चात् कस्तो ढाँचामा सहमति दिने भन्ने विषयमा परामर्श आरम्भ गर्ने ।

ङ) *छलफलका विवरण र निष्कर्षहरूको अभिलेखीकरण:* यस चरण अन्तर्गत भएका छलफल र निष्कर्षहरूका सबै विवरणहरूलाई स्पष्ट रुपमा अभिलेखित गर्ने ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछ:

- परामर्शका क्रममा स-साना समूहमा भएका छलफलमा उठेका कुराहरू, समुदायका प्रतिनिधिहरूले उठाएका प्रश्न तथा जिज्ञासाहरूलाई कसरी सम्बोधन गरिएको थियो भन्ने विषयको विवरण सहितको अभिलेखहरू ।
- परामर्श कार्यक्रमबाट प्राप्त कुराहरूलाई स्पष्ट र सावधानीपूर्वक दस्तावेजीकरण गरिएको प्रतिवेदन ।
- स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाको नतिजा अभिलेखित गरी समुदायले सहमति गरेका विषयहरूको अभिलेख ।

**२.३ सहमतिको कागजातहरूलाई अन्तिम रूप दिने:**

१) यस कार्य अन्तर्गत रेडप्लस कार्यक्रम तथा परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियामा सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिले निम्न कार्यहरू गर्न सक्नेछन्:

क) *निर्णय पुस्तिका तयारीः* देहायका विषयहरू समावेश गरी परियोजनाका लागि समुदायले दिने स्वतन्त्र, पूर्वसूचित सहमतिको निर्णय पुस्तिका तयार गर्नेः

१) स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि परामर्श बैठक आयोजना गरिएको मिति र स्थान ।

२) समुदायका प्रतिनिधिहरूले प्रतिनिधित्व गरेको समुदाय र प्रतिनिधिमूलक संस्थाको नाम सहित समुदायका प्रतिनिधिको नाम, ठेगाना र सम्पर्क विवरण सहित दस्तखत गरिएको उपस्थिति विवरण ।

३) परियोजनाका मुख्य क्रियाकलापहरू, सकारात्मक प्रभाव र प्रतिकूल प्रभाव भएमा सो न्यूनीकरण गर्ने उपायहरू सहित परियोजनका बारेमा प्रस्तुति र परामर्श तथा छलफल गरिएका र स्पष्ट गरिएका विषयहरू ।

४) समुदायका प्रतिनिधिहरूले उठाएका प्रश्न तथा जिज्ञासा र सो सम्बन्धमा परियोजनाका तर्फबाट सम्बोधन गरिएका विषयहरू ।

५) समुदायका प्रतिनिधिहरूले परियोजनाका लागि स्वतन्त्र, पूर्वसूचित सहमति प्रदान गर्न सहमत रहेको व्यहोरा

६) सहमति प्रदान गरे वापत समुदायका प्रतिनिधिहरूले कुनै शर्तहरू राखेका भए सोको विवरण ।

७) स्वतन्त्र, पूर्वसूचित सहमतिको कार्यान्वयनको अनुगमन र समीक्षा सम्बन्धी व्यहोरा ।

८) परियोजनाबाट निश्चित शर्तहरू पूरा नभएको अवस्थामा सहमति रोक्न चाहने भए सोसम्बन्धी व्यहोरा ।

९) परियोजनाका लागि सहमति प्रदान गरिए पश्चात् भविष्यमा सो परियोजनासँग सम्बन्धित अन्य दस्तावेजहरू (सामाजिक र वातावरणीय सुरक्षा मापदण्ड, लाभको बाँडफाँड र वनमा आधारित

जीविकोपार्जन योजना, गुनासो सुनुवाई संयन्त्र आदि) का बारेमा भविष्यमा छलफल गर्दै जाने व्यहोरा ।

१०) परियोजना क्षेत्रका समुदायका तर्फबाट उक्त समुदायको हित संरक्षणको सुनिश्चतता गर्दै यी समुदायका राष्ट्रिय वा प्रदेशस्तरमा रहेका सम्बन्धित प्रतिनिधिमूलक संघ संस्थाले परियोजनाका लागि एकमुष्ट रुपमा स्वतन्त्र, पूर्वसूचित सहमति दिनका लागि अख्तियारी दिने भएमा सो व्यहोरा ।

११) परामर्श बैठकबाट सहमति प्रदान गर्ने निर्णय पुस्तिकाको ढाँचा वा खाकाको लागि एउटा उदाहरणको रुपमा त्यस्तो मस्यौदाको खाका अनुसूची-१ मा दिइएको छ । यस्तो खाकालाई स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी प्रत्येक परामर्श बैठकको विशिष्ट अवस्था अनुसार र आवश्यकता अनुसार सामान्य फेरवदल गर्न सकिनेछ ।

ख) *समुदायका प्रतिनिधिहरूले दस्तखतः* परामर्शको नतिजा सहित स्वतन्त्र, पूर्वसूचित सहमति प्रदान गर्ने सम्बन्धी निर्णयको व्यहोरा उपस्थित समुदायका प्रतिनिधिहरू समक्ष प्रस्तुत गरी प्रतिक्रिया लिई कुनै व्यहोरा सुधार गर्नुपर्ने भए सुधार गरी उपस्थित समुदायका प्रतिनिधिहरूले दस्तखत गर्नेछन् ।

२) परियोजना क्षेत्रका सम्बन्धित समुदायका प्रतिनिधिहरूले रेडप्लस कार्यक्रम तथा परियोजना कार्यान्वयनको कुनै पनि चरणमा यसको आफै समीक्षा गर्न वा स्वतन्त्र, पूर्वसूचित सहमतिको समीक्षा गर्नका लागि परियोजना समक्ष आग्रह गर्न सक्नेछन् र यस्तो अवस्थामा परियोजनाले विभिन्न क्षेत्रमा समीक्षा बैठकहरूको आयोजना गर्नुपर्नेछ ।

३) स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि खर्च भएको महत्वपूर्ण समय र स्रोत साधनहरूलाई ध्यानमा राख्दै समुदायका प्रतिनिधिहरूले स्वेच्छाचारी रूपमा सहमति फिर्ता लिन भने पाउने छैनन् ।

४) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछः

- परामर्श प्रक्रियाको प्रतिवेदनको तयारी ।
- परियोजनाका लागि समुदायका प्रतिनिधिहरूले स्वतन्त्र, पूर्वसूचित सहमति प्रदान गर्ने सम्बन्धमा दस्तखत सहित गरेको निर्णय पुस्तिका ।

## चरण ३ : परामर्श र सहमति पश्चात्को चरण

### ३.१ मूल्याङ्कनः

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाले निम्न कार्यहरू गर्न सक्नेछः

क) स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाको प्रतिवेदन तयारी र मूल्याङ्कनका लागि रेडप्लस कार्यक्रम तथा परियोजनाले स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रिया कसरी सञ्चालन गरिएको थियो र के सहमति भएको थियो भन्ने बारेको जानकारी सङ्कलन गरिएको र उपलब्ध छ भनी सुनिश्चित गर्ने ।

ख) कतिपय रेडप्लस कार्यक्रम तथा परियोजनाहरूले स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी परामर्श पछि स्वतन्त्र मूल्याङ्कन गर्न चाहन्छन् । यस विकल्पमा, सबै सम्बन्धित समुदायका प्रतिनिधिहरूद्वारा पारस्परिक रूपमा सहमति भएमा तेस्रो पक्षको रुपमा रहने संस्थाले यो प्रक्रियामा सहमति खोज्नको लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाका सन्दर्भमा प्रत्येक शर्तहरू, कानुनी आवश्यकताहरू र सहमति भएका योजना वा विषयसँग मिल्ने गरी सहमति भए खोजिएको थियो भनेर प्रमाणित गर्न सक्नेछ ।

ग) स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाको समीक्षालाई रेडप्लस कार्यक्रमको कम्तिमा कुनै पनि मध्यकालीन समीक्षा वा मूल्याङ्कनमा समावेश गर्न सकिनेछ र यसका साथै, नेपालको रेडप्लसको अधिकार सुरक्षा सूचना प्रणाली (SIS) का लागि स्वतन्त्र, पूर्वसूचित सहमतिको लागि अवलम्बन गरिएको प्रक्रियाको जानकारीहरू आवश्यक हुने भएकोले मूल्याङ्कनबाट प्राप्त जानकारीहरू पारदर्शी रुपमा आदान प्रदान गर्नु पर्नेछ ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजाहरू हासिल हुन सक्नेछः

- समीक्षा तथा मूल्याङ्कन प्रतिवेदन र सिफारिसहरू

**३.२ अनुगमन, प्रतिवेदन तयारी र सहमति पूनरावलोकनः**

१) यस चरणमा रेडप्लस कार्यक्रम तथा परियोजनाले निम्न कार्यहरू गर्न सक्नेछ;

क) माथि उल्लेख गरिए अनुसार, रेडप्लस कार्यक्रम तथा परियोजनाले समुदायका प्रतिनिधिहरूसँग स्वतन्त्र, पूर्वसूचित सहमतिसम्बन्धी परामर्श पछि अनुगमन र सहमतिको स्वेच्छिक प्रमाणीकरण गर्नमा सहमत हुनेछ र यसरी सहमति गरिए अनुसार अनुगमन र प्रमाणीकरण सम्पन्न गरी सोबाट प्राप्त नतिजाहरू अभिलेखित गरी निम्न कुराहरू समेटेको हुनुपर्नेछः

- सहमति प्रदान गर्दा तय गरिएका शर्तहरूको अनुगमनको नतिजा
- सहमतिमा उल्लेख गरिए अनुसार समुदायका प्रतिनिधिहरूको निरन्तर संलग्नताको अवस्था
- सहमतिका शर्तहरूमा कुनै परिवर्तन गरिएको भए सोको अवस्था
- सहमतिसँग सम्बन्धित कुनै गुनासोहरू र ती कसरी व्यवस्थित वा समाधान गरिएका छन् वा थिए भन्ने कुराहरू ।

ख) यसका साथै रेडप्लस कार्यक्रम तथा परियोजनाले सुरक्षा मापदण्ड पूरा गरेको प्रतिवेदनको भागको रूपमा स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रिया र यसको नतिजाहरू अभिलेखित गर्नु आवश्यक हुने भएकोले यसरी प्राप्त नतिजाहरूलाई राष्ट्रियस्तरमा रहेको रेडप्लसको सुरक्षा सूचना प्रणाली (Safeguard Information System – SIS) मा समावेश गर्नका लागि पनि उपयोग गर्न सकिनेछ र यसका लागि सान्दर्भिक सूचकहरू बनाउन सकिनेछ ।

ग) परामर्शका प्रतिवेदनहरू र स्वतन्त्र, पूर्वसूचित सहमतिको नतिजा तथा

सम्झौताहरूको अभिलेखले आवश्यक जानकारी प्रदान गर्न सक्ने भएकोले सबै मुख्य जानकारीहरू अभिलेखित र भविष्यमा प्रतिवेदन तयारीका लागि उपलब्ध छ भनी सुनिश्चित गर्नु पर्नेछ ।

घ) स्वतन्त्र, पूर्वसूचित सहमतिको प्रक्रियाको क्रममा प्राप्त भएका कुनै पनि गुनासोहरूका साथै सो पश्चात् समुदायका प्रतिनिधिहरूबाट प्राप्त गुनासोहरू उचित रूपमा अभिलेखित र व्यवस्थित गर्ने कार्य गरिएको हुनु पर्नेछ ।

२) यस चरणमा गरिएका क्रियाकलापबाट निम्न उपलब्धि तथा नतिजा हासिल हुन सक्नेछः

- अनुगमन र स्वेच्छिक प्रमाणीकरण प्रतिवेदन

## अनुसूची–१

## रेडप्लस कार्यक्रम तथा वन क्षेत्रको उत्सर्जन न्यूनीकरण परियोजनाका लागि सम्बन्धित समुदायका प्रतिनिधिहरूले स्वतन्त्र, पूर्वसूचित सहमति प्रदान गर्दा अभिलेखित गर्ने

## निर्णय पुस्तिकाको नमूना

रेडप्लस कार्यक्रम/परियोजनाको कार्यान्वयन गर्ने निकाय/संस्थाः

रेडप्लस कार्यक्रम/परियोजनाको नामः

रेडप्लस कार्यक्रम/परियोजना लागु हुने जिल्लाको नामः

स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि परामर्श गरिएको स्थानः

स्वतन्त्र, पूर्वसूचित सहमतिका लागि परामर्श गरिएको मितिः

रेडप्लस कार्यक्रम तथा उत्सर्जन न्यूनीकरण परियोजना कार्यान्वयन हुने क्षेत्रका आदिवासी जनजाति र स्थानीय समुदायका सदस्यको हैसियतले यस निर्णय पुस्तिकासाथ संलग्न सहभागीको सूचीमा नाम भएका हामी समुदायका प्रतिनिधिहरूका बीच हाम्रो समुदायमा लागु भई समुदायलाई सम्भावित रुपमा प्रभाव पार्न सक्ने प्रस्तावित रेडप्लस तथा उत्सर्जन न्यूनीकरण परियोजनाका कार्यक्रमहरूका बारेमा मिति ............. मा आयोजित परामर्श कार्यक्रमको समयमा यस सम्बन्धी जानकारीहरू प्रस्तुत गरिएको कुरा पुष्टि गर्दछौं । परामर्शका क्रममा हामीले प्रस्तावित रेडप्लस तथा उत्सर्जन न्यूनीकरण परियोजनाका कार्यक्रमहरू र हाम्रा अधिकार तथा सरोकारका विषयहरू बारे छलफल गर्ने अवसर पाएका छौं र यस सम्बन्धमा निम्न निष्कर्षमा पुगेका छौंः

१. प्रस्तावित परियोजना सञ्चालन गर्नु अघि प्रस्तावित परियोजनाका कार्यक्रमहरू र परियोजना सञ्चालन प्रक्रियाका बारेमा पूर्ण जानकारीहरू प्रस्तुत गरी हामीलाई स्पष्ट गरिएको छ ।

२. परियोजनाका सकारात्मक प्रभाव तथा सम्भावित प्रतिकूल असरहरू र यी असरहरू सम्बोधनका लागि तय भएको अधिकार सुरक्षा मापदण्डका साथै लाभको बाँडफाँटसम्बन्धी योजना र गुनासो सुनुवाई संयन्त्रका बारेमा दिइएको जानकारी स्पष्ट र पूर्ण छन् ।

३. परियोजना सञ्चालनका क्रममा समुदायको क्षमता विकास र पहुँचका लागि समुदायलाई सहयोग उपलब्ध गराउने संस्थागत संयन्त्रको बारेमा जानकारी गराइएको छ र यस्तो सहयोग पाउने अवस्था विद्यमान रहेको छ ।

४. वनस्रोत माथिको सामुदायिक अधिकारको सुरक्षाका लागि जुनसुकै समयमा पनि न्यायिक उपचारको पहुँचलाई परियोजना वा कुनै पनि पक्षले सङ्कुचन गरेको मानिने छैन भन्ने विषयमा स्पष्ट पारिएको छ ।

५. वन सम्बन्धी परम्परागत ज्ञानको हस्तान्तरण गर्ने वा नगर्ने विषयमा सम्बन्धित समुदायको स्वनिर्णयको सम्मान गरिने विषयमा परियोजनाको सहमति रहेको छ ।

६. स्वतन्त्र, पूर्वसूचित सहमतिको समीक्षा र पूनरावलोकन तथा कुनै पनि समयमा प्रभावित समुदायले आफ्ना वन स्रोतमाथिको अधिकारका बारेमा निर्णय लिन वा पारस्परिक सहमतिका आधारमा नयाँ सहमतिमा जान वा परियोजनामा प्रत्यक्ष संलग्न नभएको तेस्रो पक्षहरूसँग परामर्श गर्न सक्ने विषयमा दिइएका जानकारीहरू पर्याप्त छन् ।

७. हामी समुदायका प्रतिनिधिहरूलाई कुनै पनि जबरजस्ती, धम्की वा हेराफेरी नगरी स्वतन्त्र, पूर्वसूचित सहमति प्रदान गर्ने निर्णयमा पुग्ने गरी सहमति दिनका लागि परियोजना बारे पर्याप्त, स्पष्ट र पूर्ण जानकारी प्रदान गरिएकोले परियोजनाले प्रचलित नेपाल कानून एवं सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी महासन्धि र समुदायका प्रथाजनित मूल्य मान्यताका साथै यस निर्णय पुस्तिकामा उल्लिखित निर्णयहरूको पालना गर्ने शर्तमा परियोजना सञ्चालन गर्न र सोबाट उत्सर्जन न्यूनीकरण भएको कार्बन व्यापार गर्न नेपाल सरकारलाई सहमति प्रदान गर्ने निर्णय गरेका छौं ।

यी प्रत्येक बुँदामा आवश्यक भएको खण्डमा परियोजनाका बारेमा हाम्रा थप राय तथा टिप्पणीहरू, हाम्रो सहमतिका लागि विभिन्न शर्तहरू, प्रस्तावित क्रियाकलापहरूमा अतिरिक्त प्रतिक्रिया र सम्बन्धित कागजातहरू सहमति पत्रको अनुसूचीमा उल्लेख गर्ने गरी हाम्रा प्रतिनिधिमूलक संघ संस्थाहरूले समेत सहमति

दिनका लागि हाम्रो मञ्जुरी रहेको छ र यसका लागि हाम्रा प्रतिनिधिमूलक संघ संस्थाहरूलाई अख्तियारी प्रदान गरेका छौं ।

स्वतन्त्र, पूर्वसूचित सहमतिको परामर्शमा सहभागी भई सहमति प्रदान गर्ने प्रतिनिधिहरू

| क्र.सं. | समुदायका प्रतिनिधिको नाम | प्रतिनिधित्व गरेको समुदाय वा संघ संस्थाको नाम | प्रतिनिधिको सम्पर्क नम्बर | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

(उपस्थित तथा सहभागी भएका समुदायका सबै प्रतिनिधिहरूको विवरण राख्ने)